**अनुसूची २**

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

आठराई गाउँपालिका

# स्थानीय राजपत्र

| | | |
|---|---|---|
| खण्ड २ | संख्या ३ | मितिः २०७५/०१/२७ |

**भाग-२**

**आठराई गाउँपालिका**

**तेह्रथुम**

**१ नं. प्रदेश**

## आकस्मिक कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि-२०७५

# आकस्मिक कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि-२०७५

गाउँसभाबाट स्वीकृत मिति २०७५।१।२७

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद १० दफा ७० बमोजिम यस आठराइ गाउँपालिकाको स्थानीय संचितकोषबाट केही रकम विनियोजन गरि आकस्मिक कोषको स्थापना गरिएको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा आठराई गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरि यस गाउँपालिका भित्र बसोबास गरि रहेका अन्यन्त न्यून आर्थिक स्थिती भएका द्वन्द पीडित,एकल महिला र सिमान्तकृत समुदायका मुटु,मृगौला,क्यान्सर,प्यारालाईसिसबाट पीडित दीर्घ रोगीहरु तथा मानव जीवनमा असर पार्ने गरि अप्रत्यासित कारणबाट अचानक रुपमा सृजना भएको विशेष परिस्थितीबाट पीडित व्यक्तिहरुलाई सहयोग पुर्याउन आकस्मिक कोष वाञ्छनीय भएकोले यो कार्यविधि तयार गरिएको छ ।

## परिच्छेद १

## संक्षिप्त नाम र प्रारम्भ

### १. संक्षिप्त नाम र प्रारम्भ

१.१ यस कार्यविधिको नाम "आकस्मिक कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७५" रहेको छ ।

१.२ यो कार्यविधि गाउँपालिकाबाट स्वीकृत भएको मितिबाट लागु हुने छ ।

### २. परिभाषा

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क.कार्यविधि भन्नाले "आकस्मिक कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७५" भन्ने बुझ्नुपर्छ ।

ख. "कोष भन्नले आकस्मिक कोष भन्ने बुझ्नुपर्छ ।

ग. "कार्यपालिका भन्नाले गाउँकार्यपालिका भन्ने बुझ्नपर्छ ।

घ. "आकस्मिक कार्य भन्नाले मानवीय जीवनमा दीर्घ असर पार्ने प्रकारका मुटु,मृगौला,क्यानसर,प्यारालाईसिस जस्ता दीर्घरोगबाट पीडित एवम प्राकृतिक तथा गैरप्राकृतिक वा मानविय त्रुटीबाट शारीरिक तथा मानसिक रुपमा पीडित,बौद्धिक अपांगता,शारीरिक सन्तुलन गुमाएका व्यक्तिहरुको लागि तत्काल गरिने आकस्मिक कार्य वा सहयोग बुझ्नुपर्छ ।

### ३. कोष स्थापना

३.१ आकस्मिक कोष सञ्चालन तथा व्यवस्थापन कोष नाम गरेको एक कोषको स्थापना हुने छ ।

## परिच्छेद २

### कोषको अवधारणा,लक्ष्य,उद्देश्य र नीति

**४. अवधारणा**

आठराई गाउँपालिकामा बसोबास गर्ने अत्यन्त न्यून आर्थिक स्थिती भएका,द्वन्द पीडित,एकल महिला र सिमान्तकृत समुदायका दीर्घरोगी लगायत अप्रत्यासित घटनाबाट अचानक रुपमा सृजना भएको विशेष परिस्थितीबाट पीडित व्यक्तिहरुलाई सहयोग पुर्‍याउनु नै कोषको अवधारणा हुने छ।

**५.लक्ष्य**

अत्यन्त न्यून आर्थिक स्थिती भएका द्वन्द पीडित,एकल महिला र सिमान्तकृत समुदायका दीर्घरोगी लगायत अप्रत्यासित घटनाबाट अचानक रुपमा सृजना भएको विशेष परिस्थितीबाट पीडित व्यक्तिहरुलाई तत्काल सहयोग उपलव्ध गराई मानविय क्षतिमा कमी ल्याउनु नै कोषको लक्ष्य रहेको छ।

**६. उद्देश्य**

६.१ दीर्घ रोगीहरुलाई सहयोग उपलव्ध गराउने

६.२ आकस्मिक वा अप्रत्यासित कारणबाट सृजना भएको विशेष परिस्थितीमा तत्काल आकस्मिक सहयोग गर्नु।

**७. नीति**

७.१ गाउँपालिका भित्र बसोबास गरि रहेका अत्यन्त न्यून आर्थिक स्थिती भएका द्वन्द पीडित,एकल महिला र सिमान्तकृत समुदायका दीर्घरोगी जस्तै मुटु,मृगौला,क्यान्सर,प्यारालाईसिसबाट पीडित तथा दीर्घ रोगीहरु तथा मानव जीवनमा आई पार्ने अप्रत्यासित कारणबाट अचानक रुपमा सृजना भएको विशेष परिस्थितीबाट पीडित व्यक्तिहरुलाई सहयोग उपलव्ध गराउनु,

७.२ आकस्मिक परिस्थितीमा सहयोग पुर्याउनु

## परिच्छेद ३

**८.आकस्मिक सहयोग मापदण्ड**

**समूह क**

**मुटुरोग**

१ congenital Heart Didease/Valvular Heart Diseases that requires surgery

2 Congestive Failure EF<30%

3 Myocardiac Infraction h:df PCI वा CABG गरिएको छ वा चाहिने छ

4 Pacemaker राख्नु पर्ने मुटुरोग

5 Heart Transplant गर्नु पर्ने मुटु रोग

6 Pulmonary Hypertension,Aneurysm,Aortic Dissection requiring surgery

**मृगौला रोग :**

Dialysis वा Kidney Transplant गर्ने पर्ने Chronic kidny Disease

**अबुर्ध रोग(क्यान्सर):**

1 surgery वा chemo/Radio therapy चाहिने वा पाईरहेको

2 palliative उपचारमा रहेको ।

**पक्षघात(प्यारालाईसिस)**

1 Quadriplegia /paresis- चार वटै हात खुट्टा नचल्ने वा कम चल्ने अवस्था

2 Hemiplegia/paresis- एउटा हात एउटा खुट्टा नचल्ने वा कम चल्ने अवस्था

3 Diplegi/Paresis - दुई खुट्टा वा दुई वटै हात नचल्ने वा कम चल्ने अवस्था

4 paraplegia- कम्मर मुनिको भाग नचल्ने अवस्था

**समूह (ख)**

१ DKD not requiring Dialysis/ Kidny Transplant

2 Dislysis चाहिने AKI

3 Nephrotic/Nepthritic Syndrome≥ 3 recurrence

**समूह ग**

1 valvular/congenital heart disease not requiring surgery

2Myocardial Infarction on medication and followup.

3 Arrhythmias on Antiarrhythmic Medication.

4 monoplegia/paresis एउटा हात वा एउटा खुट्टा नचल्ने वा कम चल्ने अवस्था

एपरोक्त समूहमा पर्ने विरामीहरुलाई उपचार सहयोग खर्च सहयोग देहाय बमोजिम प्रदान गरिने छ ।

१ समूह (क) मा पर्ने विरामीहरुलाई उपचार खर्च रु १५,०००। प्रदान गरिने छ

२ समूह (ख) मा पर्ने विरामीहरुलाई उपचार खर्च रु १०,०००। प्रदान गरिने छ

३ समूह (ग) मा पर्ने विरामीहरुलाई उपचार खर्च रु ५०००। प्रदान गरिने छ

**परिच्छेद ४**

**कोषको व्यवस्थापन तथा संचालन सम्बन्धि व्यवस्था**

९. कोषको व्यवस्थापन तथा सञ्चालन सम्बन्धि व्यवस्था

९.१ कोषको लक्ष्य तथा उद्देश्यहरु प्राप्तीको लागि आठराई गाउँकार्यपालिका स्वयमले व्यस्थापन गर्ने छ

९.२ अप्रत्यासित घटनाबाट अचानक रुपमा सृजना भएको विशेष परिस्थितीबाट पीडित व्यक्तिहरुलाई,बौद्धिक अपांगता,शारीरिक सन्तुलन गुमाएका व्यक्ति एवम परोपकारी तथा नाफा रहित उद्देश्यले स्थापित संघ संस्थाहरुलाई सहयोग गर्नु पर्ने भएमा विशेष परिस्थिती मानि कार्यपालिकाको निर्णय अनुसार कोषबाट रकम खर्च गर्न सकिने छ ।

९.३ बुदा नं २(घ) मा परिभाषित आकस्मिक कार्य बाहेक अन्य प्रयोजनका लागि यस कोषबाट रकम खर्च गर्न सकिने छैन ।

## परिच्छेद ५

### कोषको आर्थिक तथा प्रशासनिक व्यवस्था

१० कोषको वित्तिय व्यस्थापन

१०.१ कोषमा देहायका रकमहरु रहने छन ।

(क) गाउँसभाबाट आकस्मिक कोषका लागि बार्षिक रुपमा विनियोजन हुने रकम,

(ख) दातृ निकाय,गैर सरकारी संस्था,संघिय सरकार,प्रदेश सरकार,अन्य श्रोतहरुबाट कोषलाई प्राप्त हुने रकम,

**११. कोषको आर्थिक व्यवस्था**

कोषको आर्थिक व्यवस्थापन स्थानीय तहको आर्थिक प्रशासन सम्बन्धि प्रचलित कानुन बमोजिम हुने छ

१२. कोषको प्रशासनिक तथा आर्थिक कारोबार गाउँकार्यपालिकाको कर्मचारीबाट नै संचालन गरिने छ ।

## परिच्छेद ६

### विविध

**१३. आकस्मिक कोषको रकम बृद्धि गर्न सक्ने**

गाउँपालिकाले गाउँसभाबाट स्वीकृत गराई आकस्मिक कोषमा रहने रकममा आवश्यकता अनुसार बृद्धि गराउन सक्नेछ ।

**१४. जाँच पास तथा फरफारक**

कोषबाट खर्च भएको रकमको जाँच पास तथा फरफारक प्रचलित कानुन बमोजिम हुने छ ।

**१५. कार्यविधिको संशोधन**

यस कार्यविधिलाई गाउँपालिकाले आवश्यक देखेमा संशोधन गर्ने छ ।

**१६. बचाउ र खारेजी**

क) यस कार्यविधिमा व्यवस्था भएमा कुराहरुको हकमा स्थानीय सरकार संचालन ऐन २०७४, स्थानीय तहको आर्थिक प्रशासन सम्बन्धि प्रचलित कानुनसँग बाझिन गएमा बाझिएको हकमा स्वत खारेज भएको मानिने छ ।

ख) कुनै कारणबाट कोष सञ्चालन हुन नसकेमा गाउँकार्यपालिकाले कोषलाई खारेज गर्न सक्नेछ ।

ग) कोष खारेज भएमा कोषमा रहेको सम्पत्ति तथा दायित्व गाउँकार्यपालिकाको कार्यालयमा स्वत सर्नेछ